# सरकारी वार्ता टोली र लिब्रेशन टाइगर अफ तराई ईल्म (एलटीटीइ) बीच भएको सहमति

मिति २०६५ फागुन १० गते भएको सहमति

१. वार्ता अवधि सम्मको लागि लिब्रेशन टाइगर अफ तराई इल्म (एलटीटीइ) का वार्ता टोलीका सदस्यहरुको सुरक्षा नेपाल सरकारले गर्ने ।

२. लिब्रेशन टाइगर अफ तराई इल्म (एलटीटीइ) ले आफ्ना सशस्त्र कारवाहीहरु स्थगित गर्ने एवं कानूनले निषेध गरेका कुनै पनि गतिविधि सञ्चालन नगर्ने र नेपाल सरकारको तर्फबाट पनि सो समूहका नेता तथा कार्यकर्तालाई राजनैतिक रुपमा ब्यवहार गर्ने ।

३. लिब्रेशन टाइगर अफ तराई इल्म (एलटीटीइ) ले जेलमा रहेका र मुद्दा लगाइएका आफ्ना कार्यकर्ताहरुको नामावली नेपाल सरकारलाई उपलब्ध गराउने र सो सम्बन्धमा छानविन गरी क्रमशः रिहा गर्दै जाने ।

४. स्वतन्त्र एवं शान्तिपूर्ण रुपमा राजनैतिक सभा, जुलुस, ऱ्याली, गोष्ठी, सेमिनार तथा राष्ट्र निर्माणका कार्यक्रम सम्बन्धित जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी सञ्चालन गर्न सकिने ।

५. मुलुकमा दीगो शान्ति स्थापनाका लागि अन्य द्वन्द्वरत राजनैतिक समूहहरूलाई समेत वार्ताको टेबलमा ल्याउन पहल गर्ने ।

**लिब्रेशन टाइगर अफ तराई ईल्म (एलटीटीइ) का तर्फबाट**

..............................

रामलोचन ठाकुर "स्वामीजी"
संयोजक

**सरकारी वार्ता टोलीको तर्फबाट**

..............................

जनार्दन शर्मा "प्रभाकर"
संयोजक

This document was created using SmartPDFCreator
To remove this message purchase the product at www.SmartPDFCreator.com